**AMC Multidisciplinary Research Journal, Volume 3, Issue 1, 2022**
Peer Reviewed Research Article

# नेपाली सञ्चार माध्यममा पत्रकार आचारसंहिताको प्रयोगको अवस्था र सुधारका क्षेत्र

**श्रीराम खनाल[1*]**

[1]Lecturer Tribhuvan University.
*Corresponding Author: dr1srkhanal@gmail.com
Citation: खनाल, श्रीराम (२०७८), नेपाली सञ्चार माध्यममा पत्रकार आचारसंहिताको प्रयोगको अवस्था र सुधारका क्षेत्र, *AMC Multidisciplinary Research Journal*, *3*,(1), 39-45.

---

***प्रबन्धसार***
*नेपाली पत्रकारिता व्यवसायिकतातर्फ उन्मुख भएपनि यो संकमणकालीन अवस्थामा छ ।सञ्चार माध्यमहरुको संख्या बढिरहेको सन्दर्भमा तिनीहरुमा अनुशासनको परिपाटी बसाउन आचारसंहिता परिपालना आवश्यक हुन्छ । आचारसंहिताको पालनाले पत्रकारितालाई नैतिक र जिम्मेवार बनाउँछ । पत्रकारिताको स्तर उकास्छ र अतिरिक्त जनविश्वास बढाउँछ । स्वच्छ, स्वस्थ र मर्यादित पत्रकारिता विकासका लागि सञ्चारकर्मी तथा पत्रकार, नागरिक समाज र सरोकारवाला निकायको भूमिका महत्वपूर्ण हुन्छ । त्यसैले प्रस्तुत लेख मार्फत नेपालमा पत्रकार आचारसंहिताको परिपालनाको स्थिति र गर्नुपर्ने सुधारका बारेमा जानकारी दिने कोशिस गरिएको छ ।समीक्षात्मक टिप्पणीमा आधारित यो लेखले प्रलेख वा कागजात विश्लेषण र अन्तर्वार्तालाई आधार बनाएर बनाएको छ । यसवाट पत्रकार आचारसंहिताको कार्यान्वियनकोक्षेत्रमा क्रियाशील संस्था प्रेस काउन्सिल नेपालको भूमिकालाई पनि चित्रण गरेको छ ।*
**मुख्य शब्दावली-**सनद सवाल, सञ्चार प्रतिष्ठान, सम्प्रेषण, प्रेस स्वतन्त्रता, प्राकृतिक विपद् आदि ।

---

## पृष्ठभूमि

कुनै पनि व्यवसायमा संलग्न व्यक्ति वा संस्थाले गर्न पाउने वा नपाउने व्यबहार र आचरणका नियमलाई आचारसंहिता भनिन्छ,पृ. । आचारसंहिताले प्रत्येक व्यवसायलाई उच्च व्यवसायिक, मर्यादित र व्यवस्थित बनाउँछ । नेपालमा नेपाल बार एसोसिएसनले कानुन व्यवसायीका लागि आचारसंहिता निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । स्वास्थ्यकर्मी वा चिकित्सकहरुका लागि मेडिकल काउन्सिलको आचारसंहिता छ । यसैगरी पत्रकार र सञ्चारकर्मीका लागि प्रेस काउन्सिल नेपालको आचारसंहिता छ । पत्रकारिता एउटा सम्मानित र जिम्मेवार पेशा वा व्यवसाय हो । त्यसैले पत्रकारिता पेशालाई मर्यादित,व्यवसायिक र अनुशासित बनाउनका लागि आचारसंहिताको जरुरत पर्दछ । प्राचीन कालमा सामाजिक अनुशासन कायम गर्न र समाजलाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि धार्मिक र सामाजिक बन्धनको रुपमा आचारसंहिताको प्रयोग भएको थियो । विश्वमा सञ्चार माध्यमको विकास हुदै गएपछि सञ्चार क्षेत्रमा जटिलता उत्पन्न हुन थाल्यो भने सञ्चारकर्मीहरुवाट पनि प्रेस स्वतन्त्रताको दुरुपयोग हुन थाल्यो । यसले गर्दा उनीहरुका कार्यहरु पत्रकारिताको धर्म विपरित हुन थाल्यो । १९ औं शताब्दीको शुरुदेखि सूचना वाँडफाँडलाई व्यवस्थित पार्न र सामाजिक मर्यादा कायम गर्नका लागि आचारसंहिताको महसुस भयो । म्याक ब्राइड कमिसन सन् १९७७ ले पत्रकार आचारसंहितालाई पत्रकारिताको अभ्यास गर्दा विभिन्न परिस्थीतिमा आइपर्ने समस्या र द्विविधावाट छुट्कारा पाउने आत्मनिर्देशन रुपमा परिभाषित गरेको छ । त्यसैले यो कानुन होइन । यो नैतिक बन्धन हो । विश्वमा सन् १९१६ मा स्वीडेनवाट प्रेस काउन्सिलको अवधारणा शुरु भएपछि विश्व आमसञ्चारको क्षेत्रमा आचारसंहिता निर्माणका सवालहरु उठ्न थालेको पाइन्छ । सन् १९२२ मा अमेरिकी अखवार सम्पादक समाज (आस्ने) ले पत्रकारिताको उच्च व्यवसायिक मापदण्डलाई प्रोत्साहित गर्न बनेको आचारसंहितालाई विश्वमा पहिलो पत्रकार आचारसंहिताको रुपमा लिइन्छ । पश्चिमा मुलुकको तुलनामा एशियाली राष्ट्रहरुमा ढिलोगरी आचारसंहिता निर्माण र जारी भएको पाउँछौ । भारतमा सन् १९४४ मा त्यहाँको प्रेस काउन्सिलद्वारा केही निर्देशक बुँदाहरु जारी गरेको थियो । पाकिस्तानमा सरकार र काउन्सिल अफ पाकिस्तानबीच सम्झौता भई सन् १९६५ मा त्यहाँको संसदद्वारा आचारसंहिता जारी भएको पाउँछौ । यता श्रीलंकामा सन् १९८१ मा त्यहाँको संसदद्वारा र वंगलादेशमा सन् १९७० को अन्त्यतिर आचारसंहिता जारी भएको थियो । यस अवधिसम्म छापा माध्यमका लागि मात्र आचारसंहिता केन्द्रित

भएकोमा विद्युतीय सञ्चार माध्यमहरुलाई व्यवस्थितगर्न सन् १९२२ मा टेलिभिजन, सन् १९३० मा चलचित्र र सन् १९७० रेडियो उद्योगको लागि अलग अलग आचारसंहिता निर्माण भएको पाइन्छ ।

सञ्चार माध्यमका लागि आचारसंहिता एउटा नैतिक बन्धन हो जसमा पत्रकारले के गर्नु हुन्छ वा के गर्नुहुदैन भन्ने अनुभूत गराउँछ । यो पत्रकारहरुको संस्था जस्तै नेपाल पत्रकार संघ, नेपाल पत्रकार महासंघ, रिपोर्टस क्लब, सम्पादक समाज, प्रकाशक संघ स्वयंले आफूलाई आफ्नै पेशाप्रति, जिम्मेवार, जवाफदेही, अनुशाषित बनाउनका लागि जारी संहिता(Codes) हुन । कतिपय मुलुकहरुमा सरकार आफैले प्रेस काउन्सिल गठन गरी आचारंहिता जारी गर्ने र अनुगमन गरी पत्रकार वा सञ्चार माध्यमहरुलाई सचेत एवं जिम्मेवार बनाउने कोशिस गरेको पाइन्छ ।

**उद्देश्यहरु :** यो आलेखले नेपाली सञ्चार जगतमा पत्रकार आचारसंहिताको प्रयोगअवस्थालाई केन्द्रबनाएर अध्ययन गरेको छ । यस अध्ययना मुख्यतया दुईवटा उद्देश्यहरु छन् ।

क. नेपालमा पत्रकार आचारसंहिता परिपालनाको स्थीति थाहा पाउने

ख. नेपालमा पत्रकार आचारसंहिता सुधारका उपायहरु बताउने

**अध्ययन विधिः**

यो अध्ययनले प्रलेख वा कागजात विश्लेषणलाई आधार बनाएको छ । यो साहित्य वा पूर्वकार्यहरुको समीक्षा र अन्तर्वार्तामा आधरित समीक्षात्मक लेख हो ।

**अध्ययनको सीमा र प्रयोग** : यो अध्ययन समीक्षात्मक हो र यसमा विश्लेषणलाई प्राधान्यता दिइएको छ । यसले नेपाली सञ्चार जगतमा आचारसंहिता परिपालनको परिपाटीलाई औल्याएको छ । यो बृहद र मात्रात्मक अध्ययन होइन । खासगरी प्रेस काउन्सिल नेपालको भूमिकालाई आधारभूमि बनाइएको यो लेखले सरोकार पक्षको मात्र पृष्ठपोषण गरेको छ र सञ्चारकर्मी पत्रकारहरुको दृष्टिकोणको सामान्य झलक दिने प्रयास गरेको छ ।

**नेपालमा पत्रकार आचारसंहिताको छोटो इतिहास**

मुलुकमै पहिलो समाचारपत्र गोरखापत्र साप्ताहिकको प्रकाशन हुदै थियो । गोरखापत्रमा के छाप्न, नछाप्ने आधारतय गर्नका लागि वि.सं. १९५८ बैशाख ११ गते सनद सवाल जारी भयो ।यसलाई आचारसंहिताको पहिलो प्रारुप मानिन्छ । गोरखापत्र वि.सं. १९५८ बैशाख २४ गते नै प्रकाशन भएपनि मुलुकमा त्यतिबेला कुनै प्रभावशाली अखवारहरु प्रकाशन हुन सकेनन् । निजी सहभागितामा वि.सं २००७ सालपछि केही साप्ताहिक, दैनिक र मासिक अखवारहरु प्रकाशन भएको पाउँछौ । वि.सं २०२३ सालमा पत्रकारिता क्षेत्रलाई व्यबस्थित र विश्वसनीय बनाउन नेपाल पत्रकार संघले वि.सं २०२३ सालमा आफै आचारसंहिता निर्माण गरी जारी भएको गरेको देखिन्छ । तत्पश्चात वि.सं. २०२४ सालमा तत्कालीन न्यायाधिश नयन बहादुर खत्रीको अध्यक्षतामा गठित प्रेस सल्लाहकार समितिले वि.सं २०२५ सालमा आचारसंहिता जारी गरेको थियो । ( दहाल र शर्मा, वि.सं. २०६६,पृ २०-२१) प्रेस सल्लाहकार परिषद्को अवधारणासगै वि.सं २०२७ सालमा मुलुकमा प्रेस काउन्सिलको विधिवत गठन भयो ।वि.सं २०४६ सालको राजनीतिक परिवर्तन पछि पत्रकारिता जगतको समग्र विकास र प्रभावकारी नियमन गर्ने निकायको रुपमा छुट्टै स्वायत्त संस्थाको रुपमा २०४८ सालमा प्रेस काउन्सिलको व्यवस्था गरियो । छुट्टै प्रेस काउन्सिल ऐन,२०४८ बनेपछि यसले आचारसंहिता बनाउन सक्ने प्रावधान अनुरुप २०४७ मा पारित आचारसंहितालाई पुन काउन्सिलवाट आर्थिक वर्ष २०४८/०४९ को वैशाखमा परिमार्जन सहित पारित गरेको देखिन्छ ( पाण्डे र शर्मा,२०५६,पृ. १८) । यसपछि प्रेस काउन्सिलतर्फवाट पत्रकार आचारसंहिता,२०४९ र नेपाल पत्रकार संघ) हालको महासंघ)को वीरगञ्ज महाधिवेशनवाट छुट्टै पत्रकार आचारसंहिता २०५० जारी भए । यसरी प्रेस काउन्सिल नेपाल र नेपाल पत्रकार महासंघवाट जारी गरिएको आचारसंहिताको कार्यान्वयनमा असहज भएपछि प्रेस काउन्सिलले पत्रकार महासंघको समन्वयमा एकिकृत पत्रकार आचारसंहिता,२०५५ जारी गर्‍यो । ७ बुँदा रहेको उक्त आचारसंहितामा पत्रकारहरुको काम कर्तब्यबारे स्पष्ट नभएको र विद्युतीय सञ्चार माध्यमलाई नसमेटिएको हुनाले नयाँ पत्रकार आचारसंहिताको जरुरत थियो । र प्रेसकाउन्सिलले पत्रकार महासंघको संयोजनमा पत्रकार आचारसंहिता,२०५५ लाई खारेज गरी नयाँ पत्रकार आचारसंहिता,२०६० जारी गर्‍यो ।( खनाल, वि सं २०७५,पृ.:२९७ -२९८) मुलुकमा बललिदो राजनीतिक परिबेश र प्रविधिको विकाससगैं सञ्चारकर्मी र पत्रकारलाई जवाफदेही बनाउनका अतिरिक्त अनलाइन जस्ता सञ्चार माध्यमलाई समेट्दै प्रेस काउन्सिल नेपालले पत्रकार आचारसंहिता,२०७३ जारी गर्‍यो । यो आचारसंहितालाई थप स्पष्ट र प्रभावकारी बनाउन संशोधन समेत गरिएको छ( खनाल,.वि.सं.२०७६,पृ.१६६) ।

**सञ्चार माध्यममा आचारसंहिता प्रयोगको अवस्था**

नेपालमा संख्यात्मक रुपमा सञ्चार माध्यमहरु बढेपनि अपेक्षित रुपमा गुणस्तरीयता कायम हुन सकेको छैन । नेपालभर दर्ता भई काउन्सिलमा प्राप्त भएका कूल ४७८९ पत्रपत्रिका मध्ये यस आर्थिक वर्षमा ९१९ अखवारहरु प्रकाशित छन् । जसमा दैनिक २०६, साप्ताहिक ५२४,अर्धसाप्ताहिक ४, पाक्षिक १३, मासिक ११९,द्वैमाासिक १८त्रैमासिक ३१ र अन्य ४ नियमित रहेका छन् । (प्रेस काउन्सिल नेपाल, वार्षिक प्रतिबेदन, २०७७ ⁄२०७८) कोभिड १९ का कारणले गर्दा पनि कम संख्यामा प्रत्रपत्रिकाहरु प्रकाशन भएका हुन । यो संख्या निकट भविष्यमा अझ बढ्न सक्छ । यता विद्युतीय र लाइन सञ्चार माध्यमको संख्या झनै बढि छ । २०७८ असार मसान्त सम्म २२१ टेलिभिजन, ११४३ एफ.एम. रेडियोहरु र २८३९ वटा अनलाइन सञ्चार माध्यम दर्ता भएको छन् ( सूचना तथा प्रसारण विभाग,२०७८) आचारसंहिता परिपालनाको कुरा गर्दा व्यावसायिक रुपमा अघि बढेका र केही मूलधारका सञ्चारमाध्यमहरुले आचारसंहिता पालना गर्ने प्रयास गरेका छन् । अधिकांशले पालना गरेको पाइन्न । कतिपय सञ्चार माध्यमहरुले प्रेस काउन्सिल नेपालले जारी गरेको आचारसंहितासगै शैलीपुस्तिका ( Style Book) प्रचलनमा ल्याएका छन् । विश्वमा कतिपय मुलुकहरुमा सञ्चार माध्यमको प्रकृति अनुसार अलग अलग आचारसंहिता जारी भएको पाउँछौं । कहीँ एउटै आचारसंहिताले काम चलाएको अवस्था छ । प्रेस काउन्सिलको साँघुरो संरचना, सिमित स्रोत साधनका कारण आचारसंहिता परिपालना प्रभावकारी ढंगमा अघि बढ्न बन्न सकेको छैन । सञ्चार माध्यममा सम्प्रेषण भएका सामग्रीले चरित्रहत्या गरेमा, मानहानी भएमा र गाली बेइज्जति भएमा न्यायका लागि काउन्सिलमा जानेभन्दा अदालतमा धाउनेको संख्या पनि कम छैन । सञ्चार माध्यमवाट प्रस्तुत भएका सामग्रीवाट मर्का परेमा उजुरी गर्ने निकाय हो प्रेस काउन्सिल भन्ने सवालमा जनचेतना बढाउन सकिएको छैन । अर्थात, प्रेस काउन्सिल नेपाल र यसको कार्यक्षेत्रबारे धैरै मानिसहरु अनभिज्ञ छन् । नेपाली पत्रकारिताको आचारसंहितासम्वन्धी सवभन्दा ठूलो कमजोरी भनेको विषयवस्तुलाई स्वच्छ र सन्तुलित ढंगले प्रस्तुत गर्न नसक्नु हो । (मैनाली, वि.सं.२०५८ ,पृ.८८) शुद्धता, विश्वसनीयता र स्वच्छ पत्रकारिता हुन नसकेको मात्र होइन, कतिपय अवस्थामा नेपाली पत्रकारिता पूर्वाग्रहीसमेत बनेको छ । आफ्नो सञ्चार प्रतिष्ठान बाहेक अन्य ठाँउहरुवाट उपहार लगायत आर्थिक लाभ आदि सञ्चारकर्मी तथा पत्रकारले लिनुहुदैन भन्ने प्रावधान आचारसंहितामा भएपनि दहाल (वि.स २०६८, पृ.३८-४१) ले उल्लेख झै ंअभाव, दबाब र प्रभावमा गुज्रिएको नेपाली पत्रकीरतामा त्यसो हुन सकेको छैन । पत्रकार पनि मानिस नै भएकाले सबै बेलामा वस्तुविष्ठ बन्न गाह्रो पर्दछ । ऊ पनि कुनै वाद वा चिन्तनवाट प्रभावित हुन सक्दछ । यो त घटनाप्रधान समाचारको हकमा लागु हुने कुरा हो, जहाँ कुनै पक्षको पृष्ठपोषण नगर्नु भन्ने छ । तर प्रक्रियाप्रधान समाचारमा ऊ प्रभावित हुन सक्छ भन्ने मान्यता पनि छ ।

नेपालमा आचारसंहिता पालनाका सम्वन्धमा टिप्पणी गर्दै मैनाली उल्लेख गर्छन- नेपाली रेडियो तथा छापा पत्रकारितामा सम्पादकीय विभाग तथा विज्ञापन विभाग वीचको सम्वन्ध समस्याग्रस्त छ । विज्ञापन पाएकै कारण कतिपय घटनाहरु प्रकाशन⁄प्रसारणयोग्य ठहरिन पुगेका छन् । प्रसारण संस्थाहरुले आर्थिक अवस्था कमजोर भएकै कारण हिजोआज कार्यक्रम र विज्ञापनको भेद छुट्याउने सीमारेखा ज्यादै पातलो भएको छ । कार्यक्रमसगैं झुक्कीने गरी विज्ञापन बजाउनु, कार्यक्रम प्रस्तोता स्वयंले कुनै व्यापारिक उत्पादन वा वस्तुको बखान गर्नु यसको प्रष्ट उदारहरण हो । (मैनाली, वि.सं २०५८,पृ. ८८) अर्को कुरा हाम्रा सञ्चारमाध्यमहरुमा निराकार स्रोतको प्रयोगले स्रोतादर्शक र पाठकमा विश्वसनीयता घटेको र नकारात्मक छाप परेकोले यसलाई सुधार गर्नुपर्ने मैनालीको भनाई छ । यता प्रेस काउन्सिल नेपालले उजुरीहरु बाहेक स्वअनुगमन पनि शुरु गरिसकेको छ । आर्थिक वर्ष २०७५⁄७६ मा काउन्सिल समक्ष ४४ उजुरी परेको थियो । त्यसो त काउन्सिल आफैले पनि स्वअनुगमन गरेको थियो । जसमा १०२ वटा स्वअनुगमन गरेको थियो । प्रक्रियामा ४ उजुरी रहेको थिए भने स्वअध्ययन प्रक्रियामा ६ वटा रहेका थिए । तामेलीमा ४० उजुरी रहेका थिए । तामेलीमा गएका स्वअध्ययन ९६ र अवज्ञाकारीको सूचीमा १ वटा उजुरी थिए । ( प्रेस काउन्सिल नेपाल,वार्षिक प्रतिवेदन, २०७५⁄०७६) आर्थिक वर्ष २०७६⁄७७ मा काउन्सिल आफैले ५६६ वटा स्वअनुगमन गरेको र ५६६ वा सबै फछ्र्यौट भएको छ । ९ वटा जनगुनासोमध्ये पाँचवटा फछ्र्यौट भएका छन् । आ.व. २०७६⁄०७७ मा १६२ वटा उजुरी दर्ता भएकोमा १२० वटा फछ्र्यौट भइसकेको र ४२ प्रक्रियाको क्रममा रहेका छन् । काउन्सिलले आपत्तिजनक वेभ पोर्टल जुन नेपालमा दर्ता नभई सञ्चालनमा छन् तिनलाई बन्द गरेको छ । (प्रेस काउन्सिल, २०७७) प्रेस काउन्सिलको २०७७ साउन १ देखि २०७८ असार ३१ गतेसम्मको उजुरी र स्वअध्ययन अनुसार काउन्सिलमा १९२ उजुरी परेका थिए,स्वअनुगमन ४९७ र जनगुनासो ७ गरी कूल ६७८ वटा

केसहरु रहेका छन् । फछ्र्यौटमा चाहि १५४ उजुरी ,स्वअनुगमन ४७९ र जनगुनासो ६ गरी ६३९ रहेका छन् । प्रक्रियामा ३८ उजुरी र १ जनगुनासो गरी ३९रहेका छन् ( प्रेस काउन्सिल, २०७७ /७८) विगतको पाँच वर्षको तुलनामा काउन्सिल स्रोत साधन सम्पन्न हुदै गएको छ । देशभरिका सञ्चारमाध्यमको अनुगमनका लागि धेरैजसो पूर्वाधार जस्तै उपकरण प्रणालीको विकास गरेको छ र पनि जनशक्तिको दायरा फराकिलो छैन । तर अनुगमनमा छलाङ मारेको दावी काउन्सिलको छ । (बोहरा,२०७७) अभिलेखहरुलाई कसरी सुरक्षित राख्ने भन्ने कुरापनि गौण बनेको छ । तर पुरानो कानुन छ जसले विद्युतीय सञ्चार माध्यमको अनुगमन सरकारले गरेको निर्णयको आधारमा भइरहेको छ । बालमैत्री,महिला मैत्री, अपाङ्गता मैत्री निर्देशिकाले आचारसंहिता अध्ययन गर्न सहज बनाएको छ । समयानुकुल ऐन परिमार्जन हुन नसक्दा आचारसंहिता अनुगमनमा अप्ठ्यारो परेको छ । पत्रकार आचारसंहिता २०७३ ( संशोधन २०७६) ले विगतमा नसमेटिएको कुरालाई समेटेको छ । (बोहरा,२०७८)संख्याको हिसाबले २२०० भन्दा वढि अनलाइनवाट सम्प्रेषित सामग्री आचारसंहिता प्रतिकूल अवस्थामा छ । अधिकांश छापा र विद्युतीय माध्यमको तुलनामा अनलाइनवाट आचारसंहिता हनन भएको छ । सख्या वढी भएकाले अनुगमन कार्य गर्न सकिएको छैन । किनकी अनलाइन माध्यमलाई नियमन गर्ने स्पष्ट कानुन छैन । ऐनमा समेटिएको भए अनुगमन गर्न सजिलो हुने थियो । ( बोहरा, २०७८)

**आचारसंहिता पालनामा समस्याहरु**

नेपालमा पत्रकारिता तथा आमसञ्चार विषयमा उच्च शिक्षा हासिल गरेका वा व्यवसायिक तालिम एवं सीप सिकेका दक्ष सञ्चारकर्मीको संख्या निकै कम छ । सबै सञ्चारकर्मी र पत्रकारहरुमा आचारसंहिता बारे राम्रो जानकारी छैन । नेपाली सञ्चारमाध्यमहरुमा विद्यमान आर्थिक समस्याले गर्दा पनि सञ्चार माध्यम सञ्चालनका लागि आचारसंहिताको मर्यादालाई उल्लंघन गर्नुपर्ने वाध्यता रहेको पाइन्छ । धेरैजसो सञ्चार प्रतिष्ठानहरुले श्रमजीवी पत्रकारहरुलाई समयमा तवल भत्ता नदिने, तोकेको पारिश्रमिक नदिने, करारमा राख्ने, करार नविकरण नगर्ने, अवकाश दिने वा कामवाट निकाल्ने गरेको सन्दर्भ निकै दु:ख लाग्दो छ । कोभिड १९ कै माहामारी शुरु भएयता राम्ररी सञ्चालनमा रहेका सञ्चार प्रतिष्ठानहरुले समेत श्रमजीवी पत्रकारहरुलाई कामवाट निष्काशन गरेका, बेतलविविदा दिएका छन । सम्वन्धित सञ्चारमाध्यम घाटामा गएको एवं विज्ञापनको कमीले सञ्चार माध्यम सञ्चालन गर्न कठिनाई परेको मिडिया सञ्चालकहरुको भनाई छ । (खनाल, २०७७) खनाल( वि.सं २०६३,पृ.१८९-१९०) ले उल्लेख गरे अनुसार उद्योगपति र व्यापारीवर्गवाट विज्ञापन पाइन्छ भन्ने आशमा वजारमा आउने नयाँ उत्पादन र सेवाका वारे हाम्रा सञ्चारमाध्यमहरुले समाचार प्रस्तुत गर्ने गरेका छन् । यता विज्ञापनकै लागि सञ्चार माध्यमहरु आचारसंहिताको प्रतिकूल प्रभाव पर्ने गरी उद्योगपति र व्यापारीको प्रभाववाट वाहिरिन सकेको छैनन् । पत्रकार, सञ्चारकर्मीहरुले राजनीतिक दल, गैरसरकारी संस्थाको प्रभाव आदिवाट काम गर्नुपर्ने भएकाले पनि उनीहरुले गरेका कार्यहरु कहिलेकही आचारसंहिताको परिधिभित्र नपर्न सक्छन् । राजनीतिक दबाव, राजनीतिक संरक्षण, आचारसंहिताको चर्चा गर्ने तर व्यवहारमा पालन नगर्ने र पत्रकारहरुलाई पनि के को आचारसंहिता भन्ने अर्का थरी पत्रकारहरुको भनाइले गर्दा पनि आचारसंहिताको सही पालना हुन सकेको छैन । यता नियमनकारी निकाय प्रेस काउन्सिल नेपालवाट पनि आचारसंहिता बारे पर्याप्त प्रशिक्षण, अभिमुखीकरण तालिम र जनचेतना जगाउने काम भएको देखिदैन । त्यसैले काउन्सिलकातर्फवाट पनि आचारसंहिता उल्लंघन गर्ने पत्रकार र सञ्चारमाध्यमलाई अनुसन्धान र अनुगमनको दायरामा ल्याई आगामी दिनमा त्यस्तो नगर्न एवं सचेत बनाउन जरुरी भैसकेको छ ।

**पत्रकार आचारसंहिता,२०७३ (संशोधन, २०७६) : एक टिप्पणी**

पत्रकारआचारसंहिता,२०७३ ले मुलुकको बदलिँदो राजनीतिक परिवेश अनुसार पत्रकार ,सञ्चारकर्मीहरुलाई जवाफदेही बनाउदै जनहितमा समर्पित गर्न खोजेको देखिन्छ । यो आचारसंहिता प्रेस काउन्सिल नेपालले जारी गरी कार्यान्वयनमा ल्याएको छ जसमा यसमा पत्रकार र सञ्चारमाध्यमको कर्तव्य अर्न्तगत १४ वटा बुँदाहरु र पत्रकार र सञ्चार माध्यमले गर्न नहुने अर्न्तगत १४ वटै बुँदाहरु छन् । यो आचारसंहितामा पत्रकार एवं सञ्चारकर्मीले अनुचित लाभ लिन नहुने,उपहार आदि ग्रहण गर्न नहुने उल्लेख छ । त्यसो त हामीकहाँ समाचार,विचार र विज्ञापन नछुटिने गरी समाचार प्रवाह गर्ने,नयाँ वस्तु वा उत्पादनका समाचार प्रवाह गर्ने,नयाँ उत्पादन वा सेवालाई समाचारको रुपमा प्रस्तुत गर्ने प्रचलन हटेको छैन । प्रायोजित भ्रमण र लेखनबृत्ति कत्तिको प्रायोजित हो विचारै नगरी प्रकाशनप्रसारण हुने क्रम चलिरहेको छ । मूल कुरा पत्रकार र सञ्चारकर्मी कति इमान्दार,स्वच्छ र कतर्व्यनिष्ठ छन् भन्ने कुरा महत्वपूर्ण हो । सञ्चारप्रतिष्ठानले पत्रकार एवं सञ्चारकर्मीलाई पयार्प्त तलब,भत्ता र सुविधा दिने हो पत्रकारहरुले पनि

आम्दानीका अन्य वाटोहरुमा लागिरहनुपर्ने थिएन । आदर्श समाज निर्माणमा पत्रकार एवं सञ्चारकर्मीको अहं भूमिका हुन्छ । प्राकृतिक विपद्का घटनामा सञ्चार माध्यमले संयम अपनाउनुपर्ने आचारसंहिताको प्रावधानलाई राम्रो मान्न सकिन्छ । यसैगरी पत्रकार वा सञ्चारमाध्यमले अर्न्तवार्ता अन्तर्वार्ता दिने व्यक्तिलाई कुन सन्दर्भ,माध्यम र कुन प्रयोजनका हिसाबले अन्तर्वार्ता दिन लागेको हो ? उक्त कुराको जानकारी गरेर वा पूर्व सूचना दिएर मात्र सञ्चालन गर्नुपर्ने उल्लेख छ । सूचना सम्प्रेषणका कममा गल्ती वा त्रुटी वा भूल भएमा त्यसलाई तुरुन्त सच्याउनुपर्ने व्यवस्था गर्नु पनि पत्रकार आचारसंहिताको अर्को राम्रो व्यवस्था हो । अनलाइन माध्यमवाट प्रस्तुत गरिने समाचारको विश्वसनीयता परीक्षण गर्नुपर्ने र सम्प्रेषित सामग्री अनलाइनमै राखिरहनुपर्ने व्यवस्था गरेर अनलाइन माध्यमको सञ्चालन र नियमनलाई राम्रो बनाइनु आचारसंहिताको राम्रो पक्ष मान्न सकिन्छ ।(खनाल,२०७५)जनस्वास्थ्य जस्तो गंम्भरि विषयमा अतिरञ्जना गर्नु हुदैन । पीडित व्यक्तिलाई थप पीडा दिने खालका सूचना सामग्री दिनु कदापी ठीक होइन् । घटनासँग सम्बन्ध नभएका व्यक्तिको नाम उल्लेख गर्नुहुदैन । यी विषयलाई समेत आचारसंहिताले प्रष्ट पारेको छ । (पत्रकार आचारसंहिता,२०७३)कतिपय मुलुकमा वालवालिकाको मनोविज्ञानलाई असर पर्ने उनीहरुको स्वास्थ्यमा मानसिक,शारीरिक र नोक्सानी हुने सामग्री उत्पादन वा उनीहरुलाई कुलततर्फ प्रेरित गर्न सामग्री प्रस्तु गर्न रोक लगाइएको हुन्छ । त्यसैले वालवालिकाकोसंवेग र अनुभूतिलाई विशेष ख्याल गर्न आवश्यक हुन्छ । जनस्वास्थ्यसम्वन्धी सूचनामा चिकित्सकको भनाई र स्पष्ट बैज्ञानिक आधार चाहिन्छ । नेपालमा पनि १६ वर्ष उमेर पुरा नभएका वालवालिकाको अन्तर्वार्ता,तस्वीर अभिभावक,संरक्षक वा परिवारको अनुमति बिना लिनुहुदैन भन्ने प्रावधान पत्रकार आचारसंहिता,२०७३ ले गरेको छ ।

**आचारसंहिता सम्वन्धी केही अनुसन्धान**

पोखरेल (वि.सं २०६६) गरेको नेपालका पत्रकारहरुलाई लिएर आचारसंहिता पालनाबारे गरेको एक अध्ययन अनुसार ५२ प्रतिशत उत्तरदाताहरुले मात्र प्रेस काउन्सिलका बारेमा बुझेको बताए भने ४८ प्रतिशत उत्तरदाताले भने प्रेस काउन्सिल बारे थाहा नभएको जवाफ दिए । पत्रकारलाई प्रेस काउन्सिल चाहिन्छ भन्ने महसुस गर्नु भएको छ वा छैन भन्ने प्रश्नमा ६८ प्रतिशतले चाहिदैन भन्ने जवाफ दिए भने २० प्रतिशतले चाहिन्छ र वाँकी १२ प्रतिशतले थाहा छैन भन्ने जवाफ दिए । यसैगरी प्रेस काउन्सिलले जारी गरेको आचारसंहिता राम्रो छ भन्नेमा ३२ प्रतिशतले र २८ प्रतिशत उत्तरदाताले भने थाहा नभएको र ४० प्रतिशतले राम्रो छैन भन्ने जानकारी दिए । खनाल(वि.सं २०७०) ले गरेको एक सर्वेक्षण अनुसार ३२ प्रतिशत उत्तरदाता (पत्रकार/सञ्चारकर्मी) ले पत्रकार आचासंहिता पालना गर्नुपर्दछ भन्ने जवाफ दिए भने ६८ प्रतिशत उत्तरदाताले आचारसंहिता पालना गर्नुपर्दैन भन्ने जवाफ दिए । यसवाट हामी के भन्न सक्छौ भने नेपालका पत्रकारहरुले आचारसंहितालाई गंम्भीर रुपमा लिएका छैनन् । यसै गरी पत्रकारहरुलाई आचारसंहिता चाहिन्छ वा चाहिदैन भनी सोधेकोमा ७१ प्रतिशत उत्तरदाताहरुले आचारसंहिता आवश्यक छैन भन्ने जवाफ दिएको पाइन्छ भने २९ प्रतिशतले आवश्यक छ भन्ने जवाफ दिएको सर्वेक्षणले बताउँछ । पत्रकारहरुलाई आचारसंहिता पालना गराउन के गर्न सकिन्छ भन्ने प्रश्नमा ३० प्रतिशत उत्तरदाताले तालिम र प्रशिक्षणलाई तीब्र बनाइनुपर्दछ भन्ने जवाफ दिएको, २१ प्रतिशतले प्रचारप्रसारलाई तीब्र बनाइनुपर्दछ भन्ने र १९ प्रतिशतले पाठ्यक्रममै समावेश गर्नुपर्दछ भन्ने जवाफ दिए । १९ प्रतिशत उत्तरदाताले भने गोष्ठी समिनार गर्नुपर्दछ भन्ने र १३ प्रतिशतले अन्य भन्ने जवाफ दिएका छन् । के.सी. ( वि.सं २०७०,पृ.३३२-३३३) ले उल्लेख गरे अनुसार प्रेस काउन्सिलले आचारसंहिताबारे जानकारी भएपनि नेपालमा पत्रकारहरुले वास्ता नगरेको एक अध्ययनले निष्कर्ष निकालेको छ । ३८ जिल्लाका ७७४ जना पत्रकारहरुमा गरिएको सर्वेक्षण अनुसार ९५ प्रतिशतले आचारसंहिताको जानकारी भएको बताएका छन् । ५५ प्रतिशतले आचारसंहिता कार्यान्वयन नभएको र ३२ प्रतिशतले आशिंक रुपमा कार्यान्वयन भएको एवं १० प्रतिशत उत्तरदाता तटस्थ थिए ।

**सुधारका क्षेत्र**

१.आचारसंहिताबारे सञ्चारकर्मी तथा पत्रकारहरुलाई प्रशिक्षण दिने परिपाटीको विकास गर्ने । अर्थात,प्रेस काउन्सिल नेपालले नेपाल पत्रकार महासंघसँग समन्वय गरी सातैवटा प्रदेशका पत्रकार एवं सञ्चारकर्मीलाई आचारसंहितासम्वन्धी गोष्ठी, सेमिनार, अभिमुखीकरण तालिम व्यापक र तीब्र बनाउने ।

२.विद्यालयस्तरदेखि महाविद्यालय वा उच्चशिक्षा पत्रकारिता तथा आमसञ्चारको पाठ्यक्रममा पत्रकार आचारसंहिताको पाठ सलग्न गराई अध्ययन अध्यापन कार्य आरम्भ गर्ने । यसका लागि विद्यालय तथा विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्रसँग आवश्यक समन्वय गर्ने ।

**३**.संघीयताको अभ्यासतर्फ बढेको नेपालले प्रेस काउन्सिललाई पनि सातवटै प्रदेशमा विस्तार गरी मुलुकमा बढ्दो आमसञ्चार माध्यमको आकार र चापलाई ध्यानमा राखी जनशक्ति र स्रोत साधनको समुचित प्रयोग गर्न आवश्यक छ । आचारसंहिता अनुगमनकर्ताहरुको संख्या बृद्धि गरी दैनिक रुपमा आचारसंहिता अनुगमन कार्यलाई सबल बनाउने ।

४. काउन्सिलले छापा माध्यममा मात्र सिमित नभई विद्युतीय माध्यम र अनलाइन एवं सोसल मिडियाहरु माथि समेत निगरानी गर्ने र दैनिक रुपमै आचारसंहिता अनुगमन गर्ने परिपाटी आरम्भ गर्नुपर्दछ ।

५. उच्च शिक्षाका तहमा आचारसंहिता, प्रेस काउन्सिल नेपालको भूमिका जस्ता विषयमा लघु अनुसन्धान एवं शोधपत्र गर्न इच्छुक व्यक्तिलाई छात्रबृत्ति वा फेलोसीपको व्यवस्था मिलाउने ।

६.बरिष्ठ पत्रकार, सञ्चारविद् र प्राध्यापकहरुको सहयोग र परामर्श अनुरुप आचारसंहिता अनुगमन एकाइलाई थप सबल र प्रविधिसम्पन्न बनाउने ।

७. आचारसंहिता उल्लघन गर्ने सञ्चारमाध्यमलाई सचेत तुल्याउने, सुधार्ने मौका दिने र पटक पटक पनि आफूलाई नसुधारेमा नेपाल सरकारवाट पाउने सेवासुविधा रोक्का गर्ने ।

८. नेपाल भित्रका मात्र नभई अन्य देशवाट नेपालमा प्रयोग गरिने सञ्चार माध्यमलाई समेत आचारसंहिताको परिधीभित्र ल्याउने व्यवस्था गर्ने ।

९. उच्चस्तरीय मिडिया सुधार आयोगको सुझावलाई पालना गर्दै प्रभावकारी हिसावबाट आचारसंहिता अनुगमन कार्यलाई अझ प्रभावकारी बनाउने ।

१०. पत्रकारिताको माध्यमवाट स्वार्थपूर्ति गर्ने प्रबृत्तिलाई दुरुत्साहन गर्ने ।

११. जनसाधारणमा समेत सञ्चार माध्यमवाट प्रकाशित प्रसारित सामग्रीले नकारात्मक असर पुर्‍याएमा वा मर्का पर्न गएमा काउन्सिल समक्ष उजुरी दिन सकिने बारे चेतना जागृत गर्ने ।

१२. प्रेस काउन्सिल नेपालले पनि पत्रपत्रिका वितरण र संपरिवेक्षणको काम बेग्लै अन्य स्वतन्त्र संस्थालाई दिएर आचारसंहिता जारी, उजुरी सुन्न, अनुगमन गर्ने एवं मूल्याङ्कन केन्द्रित हुनुपर्दछ ।

१३. विद्यमान आचारसंहिताको प्रस्तुति विषयवस्तुलाई बैज्ञानिक र सरल बनाउने ताकि सञ्चारकर्मी/पत्रकारहरुले तथा जनसाधारणले सजिलै ढंगमा बुझ्न सकून ।

१४. सञ्चार प्रतिष्ठानहरुले पनि आफै पनि आचारसंहिता बनाएर थप जवाफदेही बनाउने कार्य गर्ने । जस्तै प्रेस काउन्सिलको आचारसंहिता अतिरिक्त शैली पुस्तिका निर्माण गरी समाचार कक्षमा के गर्ने के नगर्ने भन्ने कुरा टाँस्ने र अनिवार्य पालना गर्ने परिपाटी बसाल्न सकिन्छ ।

**निष्कर्ष**

नेपालमा विगतको तुलनामा विश्वविद्यालयमा शिक्षा आर्जन गर्ने वा उच्च शिक्षा लिने र व्यावसायिक तालिम हासिल गरेर मात्र पत्रकारितामा प्रवेश गर्ने परिपाटीको शुरु हुनुलाई सकारात्मक मान्नुपर्दछ । स्वच्छ, स्वस्थ्य र मर्यादित पत्रकारिताको विकासका लागि आचारसंहिता चाहिन्छ र यसको पालना अनिवार्य छ भन्ने कुरामा विस्तारै जनचेतना जागृत भइरहेको देखिन्छ । सञ्चार माध्यममा कार्यरत पत्रकारहरुले पनि आचारसंहिता नैतिक बन्धन एवं यो व्यावसायिक निष्ठा हो भन्ने कुरालाई मनन गर्नुपर्दछ । मुलुकमा बढिरहेको सञ्चार माध्यमको चाप र प्रविधिमा आएका परिवर्तनलाई ध्यान दिदै प्रेस काउन्सिलको दायरा पनि बढाउनु पर्दछ । पत्रकारहरुले आचारसंहिता नमानेमा पीत पत्रकारिताले स्थान पाउने र पेशागत मूल्यमान्यता प्रतिकूल असर पर्दछ । प्रेस काउन्सिलले पनि पत्रकार महासंघको समन्वयमा आचारसंहिताबारे सञ्चारकर्मी र पत्रकारहरुलाई बेला बेलामा प्रशिक्षण, तालिम दिन सके एवं पत्रकारिता तथा आमसञ्चार विषयको पाठ्यक्रममा समाबेश गर्ने परिपाटी अवलम्वन गर्न सके आचारसंहिताको कार्यान्वयनमा सहयोग पुग्ने देखिन्छ । सञ्चारकर्मी तथा पत्रकारले व्यावसायिक आचारसंहिता पालना गर्दै पत्रकारिताको अभ्यास गरेमा नेपाली पत्रकारिताको भविष्य अझै आशलाग्दो हुन्छ । प्रेस स्वतन्त्रताको दुरुपयोग हुन नदिन आचारसंहिताको पालना गर्नु नै पत्रकारिताको नैतिक दायित्व हो । यो पत्रकारको विवेकमा आधारित हुन्छ ।

**सन्दर्भ सामग्री**

के.सी. भुवन (वि.सं २०७०), *पत्रकारितामा आचारसंहिता,* अर्याल, दीपक,के.सी. भुवन, पाठक, तिलक (सं.)*मिडिया रिडर,* (पृ.३२१-३४२),ललितपुर : जगदम्बा प्रकाशन ।

खनाल, श्रीराम (वि.सं २०६२),*प्रेस काउन्सिल र पत्रकार आचारसंहिता,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभाग, त्रि.वि.वि. ।

–( वि.सं २०६३), *प्रयोगात्मक पत्रकारिता,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

–( वि.सं २०७५,जेठ २०), पत्रकारिता सिद्धान्त र व्यबहार, *गोरखापत्र* दैनिक, पृ.४ ।.

–(वि.सं २०७६), *पत्रकारिताको सिद्धान्त र व्यवहार,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

–( वि.सं २०७६),*मिडिया नीतिशास्त्र र कानुन,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

–(वि.सं २०७७,असार १८) सलह, कोराना र श्रमजीवी पत्रकार, *परिसंवाद डट कम*।

दहाल, काशीराज (वि.सं .२०६८), *आमसञ्चार र कानुन,* काठमाडौं : नेपाल प्रेस इन्स्टिच्यूट ।

दहाल, काशिराज र शर्मा विष्णुप्रसाद (वि.सं.२०६६), *पत्रकार आचारसंहिता र व्याख्यात्मक टिप्पणी,* काठमाडौं : प्रेस काउन्सिल नेपाल ।

पाण्डे,युवराज र शर्मा, विष्णुप्रसाद (वि.सं.२०५६),*नेपालमा पत्रकार आचारसंहिता,* काठमाडौं : प्रेस काउन्सिल नेपाल ।

मैनाली, रघु, खड्का ओम, पौड्याल बद्री, अधिकारी, हरिकला (वि.सं.२०५८),*सामुदायिक रेडियो प्रसारण निर्देशिका,* काठमाडौं : सामुदायिक रेडियो सहयोग केन्द्र, नेवापस ।

राई, लालदेउसा ( वि.सं २०५९),*पत्रकारिता तथा आमसञ्चारमा नैतिकताको प्रश्न,* कार्यपत्र ।

प्रेस काउन्सिल नेपाल ( २०७६), *पत्रकार आचारसंहिता, २०७३,* काठमाडौं ।

प्रेस काउन्सिल नेपाल, *प्रेस काउन्सिल नेपाल ४४ औं वार्षिक प्रतिवेदन* ( २०७५/०७६),काठमाडौं ।

प्रेस काउन्सिल नेपाल, *प्रेस काउन्सिल नेपाल ४६ औं वार्षिक प्रतिवेदन* ( २०७७/०७८),काठमाडौं ।

Khanal, S. R. ( 2070 B.S.). Role of Press Council in Implementation of Journalist Code of Conduct. In Shrestha, C.B.et. al.(eds.), *Rural Aurora*, *2*(2) : 301-310

Kharel, P. (2016). *A Study of Journalism*. Kathmandu: Mandop Books.

Pokhrel, P. R. (2009).*Media Institutions at a Cross-road*. Kathmandu: Wanmaya Publication & Research Centre.

**टिप्पणी**

श्री रामशरण बोहरा, प्रमुख आचारसंहिता अनुगमन एकाई, प्रेस काउन्सिल नेपालसँग २०७८ भदौ ११ गते गरिएको कुराकानी ।